# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल


पत्र संख्याः २०८१/८२
सूचना नं.:

मितिः २०८१।०७।१३

### गाई भैंसी पालन असल अभ्यास प्रवर्द्धन कार्यक्रमको लागि प्रस्ताव आव्हानको सूचना

पहिलो पटक सूचना प्रकाशन मितिः २०८१।०७।१३

यस रत्ननगर नगरपालिकाको नगर कार्यपालिकाको कार्यालयको चालु आ. व. २०८१।०८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम संचालन कार्यविधि, २०८१" र "पशुपालन असल अभ्यास कार्यान्वयन निर्देशिका २०८०" बमोजिम देहायको कार्यक्रममा सहभागी हुन इच्छुक पशु पालक कृषक | समुह |समिति | सहकारी | सङ्घ | संस्था | कम्पनी | फार्म | निजी उद्यमीहरुले यो सुचना प्रकाशित भएको मितिले ३० दिन (मिति २०८१।०८।१२ गते) सम्म निम्नानुसारका कागजात संलग्न राखी कार्यालय समय भित्र यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ । साथै रीत नपुगी वा म्याद नाघि प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत

| क. सं. | कार्यक्रमको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | गाई भैंसी पालन असल अभ्यास प्रवर्द्धन | ४ लाख | पशुपालन असल अभ्यास प्रमाणीकरणका लागि जैविक सुरक्षाका मापदण्ड पुरा गर्नका लागि आवश्यक सामाग्री वितरण (भिर्कोन, चुन, फिनाइल, टिट डिपर आदी) |

नोटः "पशुपालन असल अभ्यास कार्यान्वयन निर्देशिका, २०८०" अनुसार गाईभैंसी पालन असल अभ्यास मापदण्ड अनुरुप पाँच भन्दा बढी वयस्क गाईभैंसी पालन गर्ने र फार्मको गोठ आवासगृहसँग नजोडिने गरि निर्माण भएको हुनुपर्ने।

आवश्यक कागजातहरुको सूची

१. कार्यालयले उपलब्ध गराएको ढाँचामा आवेदन
२. निवेदकको नेपाली नागरिकताको प्रतिलिपी
३. आवेदक सम्बन्धित सरकारी निकायमा दर्ता/नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि
४. कृषक समुह/समिति/सहकारी/कम्पनी/संस्थाले कार्यक्रम संचालन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपी
५. वडा कार्यालयको सिफारिस पत्र
६. स्थायी लेखा नम्बर प्रमाणपत्र (PAN) को प्रतिलिपि
७. पशुपालन गरिने फार्मको जमिनको लालपुर्जाको प्रतिलिपि/ भाडामा लिएको जग्गा भए करारनामा प्रतिलिपि
८. आ. व. २०८०।०८१ को कर चुक्ता र भुमिकर तिरेको रसिदको प्रतिलिपि
९. पशुधन बीमालेखको प्रतिलिपि


फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्सः ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, Website: www.ratnanagarmun.gov.np